स्थानीय सरकार

# पाथीभरा याङवरक गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ, १ नं.प्रदेश नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण

## (Initial Environmental Examination)

## को प्रस्ताव आव्हानको सुचना

*प्रथम पटक प्रकाशित मिति :२०७५।०३।२०*

पाथीभरा याङवरक गाउँपालिकाको क्षेत्र भित्र पर्ने विभिन्न खोलाहरु (कावेली, फावाखोला र तमोर) विभिन्न स्थानहरुबाट आगामी आ.व. ०७५/७६ देखि यस गाउँपालिकाद्धारा ढुङ्गा, गोटी, बालुवा लगायत नदीजन्य पदार्थहरु संकलन गर्ने सम्बन्धमा वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ (संशोधन सहित) को नियम ५ तथा अनुसूची ३ बमोजिम सम्बन्धित निकायले गरेको स्वीकृत कार्यसूची (Work Schedule) को अधिनमा रही प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) गरि सम्बन्धित निकायबाट स्वीकृत गराउने कार्यको लागि परामर्श सेवाको आवश्यक परेको हुँदा प्रचलित कानून अनुसार रितपूर्वक दर्ता भएको सम्बन्धित ईच्छुक परामर्शदाता, कम्पनी वा फर्महरुबाट प्राविधिक तथा तल उल्लेखित अधिक्तम आर्थिक प्रस्ताव छुट्टा छुट्टै सिलबन्दी गरी यस पाथीभरा याङवरक गाउँकार्यपालिकाको कार्यालयको कार्यालयमा पेश गर्नु हुन यो सुचना आव्हान गरिएको छ । परामर्श दाता र कम्पनी वा फर्मको प्रोफ़ाइल, विस्तृत कार्यविधि, लाग्ने समयावधि र संलग्न अध्ययन टोलीको व्यक्तिगत विवरण सहितको प्रस्ताव यो सूचन्ना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा आइपुग्नु पर्नेछ । सम्बन्धित काममा अनुभव प्राप्त र सम्बन्धित योग्यता र अनुभव भएको परामर्शदाता संलग्न टोली सहितको प्रस्तावनालाई छनौटमा ग्राहयता दिईनेछ । कम्पनी र फर्म दर्ता प्रमाण पत्र, आयकर भ्याट दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु पनि प्रस्तावना साथ पेश गर्नु पर्ने छ । यस सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।